# सानिमा माई हाइड्रोपावर लिमिटेड
# SANIMA MAI HYDROPOWER LIMITED

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, धुम्बाराही, काठमाण्डौ ।
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
website : www.maihydro.com E-mail : sanimamai@sanimahydro.com


## बाह्रौं वार्षिक साधारण सभाको निर्णय विवरण (माइन्युट)
## (कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनको निमित्त प्रकाशित)

यस सानिमा माई हाइड्रोपावर लिमिटेडको मिति २०८० साल कार्तिक २३ गते विहीबारका दिन सेलिब्रेसन हाईट, सुकेधारा, काठमाण्डौमा सम्पन्न बाह्रौं वार्षिक साधारणसभाबाट पारित प्रस्ताव बमोजिमका निर्णयहरु सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारिको लागि प्रकाशित गरिएको छ ।

सभामा शेयरधनीहरूको स्वयम तथा प्रतिनिधि मार्फत उपस्थित संख्या ४६३ भएको र कुल बाँडफाँड भएको शेयरको ५३ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा सभाको लागि गणपुरक संख्या पुगेको व्यहोरा साधारणसभामा जानकारी गराईयो ।

सभामा शेयरधनी महानुभावहरू श्री डमरु वल्लभ घिमिरे, श्री सत्रुघन श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री चन्द्रनरायण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री दामोदर प्रसाद रेग्मी, श्री कृष्ण प्रसाद अधिकारी, श्री भक्ति प्रसाद उप्रेती र श्री इन्द्रकृष्ण श्रेष्ठले आ-आफ्नो मन्तव्य तथा सुझावहरु राख्नु भएको थियो । शेयरधनीज्यूहरुको जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूको निर्देशन अनुसार कम्पनीका महाप्रबन्धक श्री गृष्म ओझाले स्पष्ट पार्दै जवाफ दिनु भएको थियो ।

**साधारणसभाबाट भएका निर्णयहरु :**

**निर्णयार्थ बाह्रौं वार्षिक साधारणसभा समक्ष पेश भएका प्रस्तावहरु सभाबाट निम्न बमोजिम पारित गरियो :**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट सभा-अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदनमा छलफल भई सोमा उठेका जिज्ञासाहरुका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८० साल आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/८० को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरु उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त प्रतिवेदन तथा आर्थिक विवरणहरु पारित गरियो ।

३. कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०८०/८१ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था PKF T.R. Upadhya & Co., Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रु. २,१५,०००/-(अक्षरेपी दुई लाख पन्ध्र हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारिस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०८०/८१ को लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. कम्पनीको दशौं वार्षिक साधारण सभाबाट नियुक्त सञ्चालक श्री हितमान गुरुङ्गको राजिनामा स्वीकृत भई रिक्त हुन आएको सञ्चालक पदमा २०८०/०२/१८ गतेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको नियमावली तथा कम्पनी ऐन २०६३ को दफा ८७ बमोजिम शेयरधनी रुरु गा.वि.स.-६ (हाल परिवर्तित रुरु गा.पा.-१) गुल्मी घर भई हाल का.म.न.पा. वडा नं. २४ बस्ने श्री राजन प्रसाद अमात्यज्यूलाई नियुक्त गरिएको हुँदा, उक्त नियुक्तिको कार्यलाई बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**(ख) विशेष प्रस्तावहरु:**

१. कम्पनीका शेयरधनीहरुलाई आ.व. २०७९/८० सम्मको वितरण योग्य सञ्चित खुद मुनाफाबाट चुक्ता पूँजीको १० प्रतिशतले हुने रु. ३०,८९,२५,१००/- (अक्षरेपी तीस करोड उनान्नब्बे लाख पच्चिस हजार एक सय) बराबरको बोनस शेयर प्रदान गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस बाह्रौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर र बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

२. बोनस शेयर वितरण प्रयोजनका लागि कम्पनीको हाल कायम जारी तथा चुक्ता पूँजी रु. ३,०८,९२,५१,०००/- (अक्षरेपी तीन अर्ब आठ करोड बयान्नब्बे लाख एकाउन्न हजार मात्र) बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रु. ३,३९,८१,७६,१००/- (अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) गर्ने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा निम्नानुसार संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) को स ा देहाय दफा ६(ख) र ६(ग) कायम गर्ने :**

६(ख) **कम्पनीको जारी पूँजी रु. ३,३९,८१,७६,१००/–(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/– दरका ३,३९,८१,७६१ थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

६(ग) **कम्पनीको चुक्ता पूँजी रु. ३,३९,८१,७६,१००/–(अक्षरेपी तीन अर्ब उनन्चालीस करोड एकासी लाख छयत्तर हजार एक सय मात्र) हुनेछ ।**

३. कम्पनीको प्रबन्धपत्रमा नियमानुसार संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी वा नियामक निकाय/कार्यालयले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. यस कम्पनीले शेयरमा लगानी गरेको कम्पनी सानिमा जुम हाइड्रोपावर लि.को जुम खोला जलविद्युत अयोजना निर्माणको वित्तिय व्यवस्थापनका लागि नबिल बैंक लि.को अगुवाईमा ४ वटा बैंक तथा वित्तिय संस्था सँग हुने सहवित्तियकरण बैंक कर्जा सम्झौता बमोजिमको स्वीकृत कर्जा रकम उपयोग गर्नका लागि सम्बन्धित बैंकहरुसँग भएको सहमति अनुसार प्रवर्द्धक कम्पनीका संस्थापक शेयरधनी कम्पनीले संस्थागत जमानत (Corporate Guarantee) दिनु पर्ने भएकोले कानून बमोजिमको अधिकतम सीमा सम्मको जमानत उपलब्ध गराई दिन उक्त कम्पनीको सञ्चालक समितिको मिति २०८०/०६/१४ गतेको निर्णयानुसार अनुरोध भई आएको हुँदा, प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही कम्पनीले संस्थागत जमानत दिन सक्ने सिमा सम्मको जमानत उपलब्ध गराउने र यसका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न, गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वम्मितिले पारित गरियो ।

**(साधारण सभाको विस्तृत विवरण यस कम्पनीको Website:www.maihydro.com मा हेर्न तथा स्यधलयिबम गर्न सकिनेछ ।)**